## राष्ट्रिय मानव अधिकार आयोगको २२ औं बार्षिक उत्सवको अवसरमा आयोगका माननीय अध्यक्ष श्री तपबहादुर मगरले दिनु भएको मन्तव्य

*प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू तथा विशिष्ट अतिथिहरु*

संवैधानिक एवं कानूनी दायित्व बमोजिम मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा यसको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने प्रमुख जिम्मेवारीका साथ राष्ट्रिय मानव अधिकार आयोग क्रियाशील रहँदै आएको छ। २०५७ साल जेठ १३ गते स्थापित यस आयोग आज २३ औं वर्षमा प्रवेश गरेको छ। गत वर्षको वार्षिक उत्सव कोभिड-१९ महामारीको कारणले भर्चुअल माध्यमबाट मनाइएकोमा यस वर्ष भने यहाँहरुमाझ भौतिक उपस्थितिमानै मनाउन पाउँदा हामीलाई ज्यादै खुशी लागेको छ।

**"जीवन, मर्यादा, समानता र स्वतन्त्रताको अधिकार, दिगो शान्ति र समृद्धिको आधार"** भन्ने नारालाई अङ्गिकार गर्दै आम सरोकारवालाहरुसँग बृहत छलफल गरी आयोगले छैठौं रणनीतिक योजना, २०२१–२०२६ तर्जुमा गरेको छ। रणनीतिक योजनाले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, दिगो विकास लक्ष्य, नेपाल सरकारको पाँचौं मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयन, मानव अधिकारको संरक्षण र सम्बर्धनमा सूचना प्रविधिको उच्चतम प्रयोग, विपद तथा महामारीको समयमा मानव अधिकारको अवस्था अनुगमन तथा मानव अधिकार अनुसन्धानका विषयलाई प्राथमिकतामा राखेको छ। देशमा आएका विषम परिस्थिति, संकट, महामारी, विपद तथा सशस्त्र द्वन्द्वको परिस्थितिमा समेत आयोग नागरिकको मानव अधिकारको संरक्षणका लागि सक्रिय रहँदै आएको छ।

कोभिड-१९ महामारीले मानव अधिकार अवस्थामा पारेको प्रभावको बारेमा आयोगले नागरिक समाज, नेपाल पत्रकार महासंघ, गैरसरकारी संस्था महासंघ, नेपाल बार एसोसियशन, नेपाल मेडिकल काउन्सिल लगायतका पेशागत संघसंस्थाहरु सम्मिलित प्रदेश तथा जिल्ला स्तरीय अनुगमन सञ्जालहरु गठन गरी देशव्यापी अनुगमन गरी नेपाल सरकारलाई आवश्यक सुझाव तथा सिफारिसहरु गरेको थियो। कोभिडको महामारीमा नियमित स्वास्थ्य सेवाबाट नागरिकहरु वञ्चित भएका, कोभिड रोकथाम र व्यवस्थापनमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सञ्चारकर्मी, स्वयम्सेवक, अत्यावश्यक सेवामा संलग्न व्यक्ति, राष्ट्रसेवक कर्मचारी जोखिममा परेको अबस्था थियो। लामो लकडाउनको कारण आप्रवासी कामदारहरु अलपत्र परेका, काम विहिन भएका, स्वास्थ्य सेवा लिनबाट वन्चित भई जोखिममा परेको अबस्था थियो। त्यसैगरी बालबालिका तथा विद्यार्थीहरु शिक्षाको अधिकारबाट समेत वञ्चित भएका थिए। महिला तथा बालबालिका माथि हिंसाका घटनाहरु, आत्महत्याका घटनाहरु, मानसिक तथा मनोसामाजिक समस्याहरु बृद्धि भएका थिए।

विश्वलाई नै आक्रान्त पारेको कोभिड-१९महामारीको असहज परिस्थितिबाट अहिले मात्र हामीलाई केही राहत मिलेको छ। कोभिड-१९ को महामारीको बेलामा आ-आफ्नो ठाउँबाट खटिएका स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, सञ्चारकर्मीहरु, नागरिक समाज, समाजसेवीहरु, मानव अधिकारकर्मीहरु एवम् विदेशी कुटनीतिक नियोगहरुको क्रियाशीलता र खोप व्यवस्थापनमा नेपाल सरकारले देखाएको तदारुकताका लागि धन्यवाद व्यक्त गर्दछु।

भर्खरै सम्पन्न स्थानीय तह निर्वाचन, २०७९ मा मानव अधिकारको दृष्टिकोणबाट आयोगले ७७ वटै जिल्लामा अनुगमन गरेको छ। प्रतिवेदन तयार गर्ने कार्य हुँदैछ।

यस वर्षको बैसाख महिनासम्ममा आयोगमा मानव अधिकार हनन्का ११२ उजुरीहरु दर्ता भएका छन्। मानव अधिकार हनन् भएका भनी आयोगमा परेका उजुरीहरुमध्ये चालु आ.व.मा ३३९ वटा उजुरीमा निर्णय

भएको छ । जसमा जीवनको अधिकार, न्यायप्रशासन, महिला अधिकार, बालअधिकार, जातीय विभेद र विकासका अधिकार लगायतका विषयहरु रहेका छन् ।

मानव अधिकारको अवस्था विश्लेषण गर्दा आयोगमा दर्ता हुन आउने उजुरीको संख्यालाई मात्रै आधार लिनु पर्याप्त हुँदैन । नागरिकको आधारभूत आवश्यकताको रुपमा रहेको गास, बास, कपासदेखि लिएर स्वतन्त्रता, समानता, मर्यादा, सम्मानपूर्वक बाँच्न पाउने हक, शान्ति सुरक्षा, दिगो विकास, सुशासन, पहुँच, सहभागिता, लैंगिक समानता जस्ता कोणहरुबाट समेत विश्लेषण गरिनु आवश्यक छ । अहिले पनि नागरिकका आर्थिक सामाजिक तथा साँस्कृतिक अधिकारहरू जस्तै : शिक्षा, स्वास्थ्य, आवास, खाद्य सम्प्रभुता तथा उपभोक्ताको अधिकारले प्राथमिकता पाउन सकेका छैनन् । महिला हिंसा, यौनजन्यहिंसा, बलात्कार, जातीय विभेदका घटनाहरू न्यूनीकरण हुन सकेका छैनन् । विगतमा घटेका भनिएका यौन दूर्व्यवहार र बलात्कारका घटनाहरूको सम्बन्धमा लामो समयको मौनतालाई तोडी पीडित स्वयम्बाट घटनाहरू सार्वजनिक भएका छन् । मुलुकमा महिला हिंसा, बलात्कार, यौन दूर्व्यवहार, एसिड आक्रमण, आत्महत्या जस्ता घटनाहरूमा ध्यानाकर्षण भई आयोगले त्यसतर्फ प्रभावकारी अनुसन्धान मार्फत दोषीलाई कानूनी दायरामा ल्याउन, पीडितको गोपनीयता संरक्षणलाई ध्यान दिन र अनुसन्धान कार्यलाई सघाउन सम्वद्ध सबै पक्षलाई आयोगले आग्रह गर्दै आएको छ । साथै आयोगले यस वर्ष महिला हिंसा र न्यायमा पहुँच, बालबालिकाको अधिकार, उपभोक्ताको अधिकार, आप्रवासी कामदारको अधिकार, वातावरण र विकासको अधिकार, अपाङ्गता भएका व्यक्तिको अधिकार मानव बेचबिखन विरुद्ध, जातीय विभेद, जलवायु परिवर्तन र मानव अधिकार, व्यवसाय र मानव अधिकार, ज्येष्ठ नागरिकका अधिकार, अपाङ्गता भएका व्यक्तिहरूको अधिकार, यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको अधिकार, मानसिक स्वास्थ्य सेवामा पहुँच, हवाई यातायातमा उपभोक्ताको अधिकार लगायतका विषयमा निरन्तर अनुगमन, अनुसन्धान र सम्बद्ध पक्षहरुसँग अन्तरसम्बाद गरिरहेको छ ।

मानव अधिकार रक्षकहरूको सुरक्षा, ऐन निर्माण र सञ्जालीकरणका लागि यस वर्ष सातै प्रदेशमा मानव अधिकार रक्षकहरुको प्रादेशिक सम्मेलनहरु सम्पन्न भएका छन् । छिटै नै आयोगले यस विषयमा राष्ट्रिय सम्मेलन समेत गर्ने तयारी गरिरहेको छ । नागरिक समाज तथा गैरसकारी संघसंस्थाहरुसँगको सहकार्य तथा समन्वयलाई आयोगले विगतदेखि नै उच्च प्राथमिकता दिँदै आएको छ । यसवर्ष पनि अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको अवसरमा २०० भन्दा बढी संघ संस्थाहरुसँगको समन्वय र सहकार्यमा देशव्यापी रुपमा १३ औं मानव अधिकार राष्ट्रिय महाभेला सम्पन्न भएको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा गरिएका सरकारका प्रतिवद्धताहरु र आयोगको स्वतन्त्र र निष्पक्ष कार्यसम्पादनका कारण Global Alliance of National Human Rights Institution को Accreditation बाट आयोग स्थापनाकालदेखि नै A Status मा रहन सफल भएको छ । यसमा सहयोग पुऱ्याउने सबैलाई धन्यवाद ज्ञापन गर्दै भविष्यमा पनि निरन्तर साथ र सहयोगको अपेक्षा गर्दछु ।

संविधानले राष्ट्रिय मानव अधिकार आयोग लगायत अन्य विषयगत संवैधानिक आयोगहरूको समेत व्यवस्था गरेको छ । राष्ट्रिय मानव अधिकार आयोग र अन्य आयोगहरू बिच मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि समन्वय र सहकार्य सम्वन्धी साझा रणनीति ढाँचा तर्जुमा भई कार्यान्वयनको चरण रहेको छ ।
राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको संरक्षणका लागि अन्य मुलुकका मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुसँग सहकार्य गर्ने क्रममा यसवर्ष आयोगले मलेसियाको मानव अधिकार आयोगसँग आप्रवासी कामदारको मानव अधिकार संरक्षण र सम्बर्धनका लागि MOU गरेको छ । त्यसैगरी कतारको मानव अधिकार आयोगसँग समेत छिटै नै पुनः MOU गर्ने तयारी रहेको छ । आयोगले अन्तर्राष्ट्रिय संघ सस्थाहरु, मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुसँग सम्बन्ध विस्तार गर्ने क्रममा आयोगको उच्चस्तरीय टोलीले फिलिपिन्सको मानव अधिकार आयोगको भ्रमण गरी अनुभवहरु आदानप्रदान गरिएको छ ।

**माननीय प्रमुख अतिथिज्यू**

नेपालले मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरूबाट नेपाल सरकारलाई गरिएका सुझाव र सिफारिसहरूको प्रभावकारी कार्यान्वयन तथा दिगो विकास लक्ष्य प्राप्ति गर्न प्रभावकारी कार्यान्यवनका लागि आयोगले सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै आएको छ । राज्यबाट निर्माण हुने कानून, नीति, कार्यक्रम, बजेट एवम् विकास निर्माणका कार्यहरू मानव अधिकारमैत्री हुनु पर्ने कुरामा आयोगले निरन्तर जोड दिदै आइरहेको छ । मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा नीजि क्षेत्रको महत्वपूर्ण भूमिका हुने हुँदा निजी क्षेत्रले समेत मानव अधिकारका मान्य सिद्धान्तको परिपालना तर्फ ध्यान दिन आवश्यक रहेको छ । मानव अधिकारको संरक्षण र सम्बर्धनका लागि तीनै तहका सरकारहरुको भूमिका उत्तिकै महत्वपूर्ण हुने हुँदा सरकारहरु बीच समन्वय र सहकार्य आवश्यक छ ।

आयोगका सिफारिसहरुको पूर्ण कार्यान्वयन नहुनु चिन्ताको विषय रहेको छ । आयोगका सिफारिसहरूलाई कार्यान्वयन गराउन आयोगले नेपाल सरकार लगायतका सम्वद्ध निकायहरुसँग निरन्तर सम्वाद र छलफल गरिरहेको छ । आयोगका सिफारिसहरुको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारबाट समिति गठन हुनुलाई आयोगले सकारात्मक रुपमा लिएको छ । आयोगका सिफारिसहरु पूर्ण कार्यान्वयन भई पीडितहरुले न्याय पाउनेछन् भन्ने मैले विश्वास लिएको छु ।

वि.सं.२०७२ सालको भूकम्पबाट क्षति हुन पुगेको आयोगको भवन हालसम्म पुनः निर्माण हुन सकिरहेको छैन । आयोगको केन्द्रीय कार्यालय र प्रदेश कार्यालयको समेत आफ्नो भवन नहुँदा काम कारवाही प्रभावित भइरहेको छ । मुलुक संघीय संचरनामा गए पश्चात आयोगले संशोधन सहित पेश गरेको संगठनात्मक संरचनालाई नेपाल सरकारबाट शीघ्र स्वीकृत हुनेछ भन्नेमा विश्वस्त रहेको छु । राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को प्रस्तावित संशोधन प्रक्रिया अघि वढ्नेछ भन्ने पनि आशा लिएको छु ।

**अन्त्यमा,**

आयोगले आयोजना गरेको यस कार्यक्रममा प्रमुख अतिथिको रुपमा उपस्थित भई कार्यक्रमको गरिमा बढाइदिनुभएकोमा  माननीय गृहमन्त्रीज्यूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । स्थापनाकालदेखिनै आयोगको क्षमता अभिवृद्धि र निरन्तर साझेदारीको लागि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) र  यूरोपीयन यूनियन(EU) लाई धन्यवाद दिन चाहन्छु । साथै मानव अधिकारको संरक्षण र सम्बर्धन गर्ने आयोगको कार्यमा सहयोग गर्ने नेपाल सरकार, नागरिक समाज, मानव अधिकारकर्मीहरु, सञ्चारकर्मीहरु, स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, संयुक्त राष्ट्र संघका नेपालस्थित निकायहरू, नेपालस्थित विदेशी कुटनितिक नियोगहरु, अन्य साझेदारी निकायहरु, आयोगका पदाधिकारीहरु, आयोगका पूर्व पदाधिकारीहरु तथा कर्मचारीहरूप्रति धन्यवाद व्यक्त गर्दछु । त्यसैगरी आयोगमा कार्यरत १५ वर्ष सेवा अवधि पूरा गरी सम्मानित हुनुभएका कर्मचारीहरु तथा यस वर्ष मानव अधिकार सेवा पुरस्कार प्राप्त गर्नुभएका आयोगका कर्मचारीहरुलाई हार्दिक बधाई दिन चाहन्छु । आफ्नो व्यस्त समयका बावजुद पनि आजको यस कार्यक्रमका लागि समय दिनुभएकोमा सम्पूर्ण अतिथिज्यूहरुप्रति आभार व्यक्त गर्दछु ।

॥ धन्यवाद ॥   १३ जेठ २०७९, ललितपुर, नेपाल ।